राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक १९ २०८३ साउन २२ गते शुक्रवार (7 Aust 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## नगरप्रमुखसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

दैनिक समाचारदाता

काठमाडौं, २१ साउन। रुकुम पश्चिमको आठबीसकोट नगरपालिकाका नगरप्रमुख रवी केसीसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७६/०७७ मा सहकारी संस्था छनोट कार्यविधिविपरीत योग्यता नपुगेको आठबीसकोट दुग्ध सहकारी संस्था लिमिटेडलाई चिस्यान केन्द्र निर्माणका लागि अनुदान उपलब्ध गराउनुका साथै सोही संस्थाका लागि नगरपालिकाको रकमबाट गाडी खरिद गरिएको आरोपमा मुद्दा दायर गरिएको हो।

आयोगले नगरप्रमुख केसीविरुद्ध ८० लाख २३ हजार ५१ रुपैयाँ बिगो दाबी गरेको छ। त्यस्तै, पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिमका तत्कालीन निमित्त कार्यालय प्रमुख सुवर्णसिंह ठकुरी, पशु स्वास्थ्य अधिकृत तथा तत्कालीन निमित्त कार्यालय प्रमुख ज्ञानुकुमार शर्मा, पशु सेवा अधिकृत शेरबहादुर खड्का, लेखा अधिकृत यमबहादुर पुन, कृषि अधिकृत मिनबहादुर केसी तथा प्रमुख प्रशासकीय अधिकृत मणिराज शाहविरुद्ध जनही ९१ लाख १७ हजार ८७३ रुपैयाँ बिगो दाबी गरिएको छ।

यसैगरी, आठबीसकोट दुग्ध सहकारी संस्था लिमिटेडका अध्यक्ष जनक बटाला, उपाध्यक्ष वीरबहादुर रोकाय, सचिव प्रकाश खड्का र कोषाध्यक्ष जुनकुमारी चनेलविरुद्ध पनि चिस्यान केन्द्र निर्माणतर्फ ९१ लाख १७ हजार ८७३ रुपैयाँ र गाडी खरिदतर्फ ८० लाख २३ हजार ५१ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आयोगका अनुसार उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम फरक-फरक बिगो कायम गरी कैद तथा बिगोबमोजिम जरिवानाको माग गर्दै बिहीबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो।

# १६ वर्षमा हुलाकी सडक ९० प्रतिशत सम्पन्न

*वीरेन्द्र कर्ण*

जनकपुरधाम, २१ साउन। मधेश प्रदेशको जीवनरेखा मानिने पूर्व(पश्चिम हुलाकी राजमार्ग निर्माणको १६ वर्षमा भौतिक प्रगति ९० प्रतिशत पुगेको छ।

धनुषा, महोत्तरी, सिरहा र सर्लाहीलाई जोड्ने यस सडकको कुल लम्बाइ ४०६.४३ किलोमिटर रहेको छ। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय, जनकपुरधामका अनुसार आयोजनाको कुल लागत ९ अर्ब ६५ करोड रुपैयाँ रहेको छ।

कार्यालयका सूचना अधिकारी तथा साइट इन्जिनियर रजितकुमार रायका अनुसार आयोजनाअन्तर्गत ६१ वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म २४ वटा पुल निर्माण सम्पन्न भएका छन्। १९ वटा पुल निर्माणाधीन छन् भने १६ वटा पुलको ठेक्का भइसकेको छ। बाँकी दुई वटा पुलको ठेक्का प्रक्रियामा रहेको उनले बताए।

आर्थिक वर्ष २०६६/०६७ मा सुरु भएको हुलाकी सडक निर्माण आर्थिक वर्ष २०८३/०८४ भित्र सम्पन्न गर्ने लक्ष्य रहेको कार्यालयले जनाएको छ। हालसम्म ३४७.६३ किलोमिटर सडक कालोपत्र गरिएको छ। जिल्लागत रूपमा सिरहामा २९.९८ किलोमिटर, महोत्तरीमा ९१.५६



*एआईद्वारा निर्मित तस्वीर*

किलोमिटर र सर्लाहीमा १५१.५१ किलोमिटर सडक निर्माण सम्पन्न भइसकेको छ।

निर्माणका क्रममा स्थानीयवासीको अवरोध, अदालतमा परेका मुद्दा तथा जग्गा व्यवस्थापनसम्बन्धी समस्याका कारण पटक(पटक काम प्रभावित हुने गरेको कार्यालयको भनाइ छ। सडक विस्तारका क्रममा अतिक्रमित घर(टहरा हटाइएकाहरूलाई संघीय सरकारले क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ। हालसम्म अतिक्रमित जग्गाबापत १९ करोड रुपैयाँ तथा घर(टहरा भत्काइएकाबापत ४९ करोड रुपैयाँ क्षतिपूर्ति वितरण गरिएको छ। अझै १५ करोड ४० लाख रुपैयाँ क्षतिपूर्ति वितरण गर्न बाँकी रहेको कार्यालयले जनाएको छ।

आयोजनाको सबैभन्दा चुनौतीपूर्ण मानिएको कमला पुलको निर्माण पनि ९० प्रतिशत सम्पन्न भएको छ। हुलाकी सडक सञ्चालनमा आएसँगै यस मार्गबाट दैनिक सात हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्ने गरेका छन् भने करिब ३२ लाख नागरिक प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

भारतको सीमावर्ती क्षेत्रसँग समानान्तर रूपमा निर्माण भइरहेको यो सडक पूर्ण रूपमा सञ्चालनमा आएपछि मधेशको ग्रामीण अर्थतन्त्र, व्यापार, कृषि उत्पादनको बजारीकरण तथा आवागमनमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ।

## खाना पकाउने ग्यास अभाव : अनुगमन तीव्र, उपभोक्ता अझै सास्तीमा

दैनिक समाचारदाता

जनकपुरधाम २१ साउन। देशभर खाना पकाउने एलपीजी ग्यासको अभाव चुलिएपछि नेपाल आयल निगमले आपूर्ति सहज बनाउन अनुगमन र वितरण व्यवस्थापनलाई तीव्र बनाएको छ। निगमले ग्यासको आयात सामान्य अवस्थाभन्दा बढी भइरहेको दाबी गरे पनि काठमाडौंदेखि जनकपुरसम्मका उपभोक्ता भने घण्टौं लाइन बसेर पनि ग्यास नपाएको गुनासो गरिरहेका छन्।

जनकपुरधाममा स्थानीय प्रशासनको समन्वयमा महेन्द्रनगरस्थित नेपाल आयल निगम इन्धन डिपोबाट खटिएको पाँच सदस्यीय टोलीले नगर क्षेत्रका ग्यास डिलर तथा बिक्री



केन्द्रमा अनुगमन सुरु गरेको छ। टोलीले डिलरहरूमा मौज्दात ग्यास, खाली सिलिन्डरको अवस्था तथा वितरण प्रक्रियाबारे निरीक्षण गर्दै उपभोक्तालाई आवश्यकताअनुसार ग्यास उपलब्ध गराउन निर्देशन दिएको छ।

अनुगमन टोलीले रामानन्द चोक, बलवा टोल, थापा चोक, पिडारी चोक, रजौल, सरस्वती टोललगायतका स्थानमा रहेका डिलरहरूको निरीक्षण गरिसकेको छ। अधिकांश डिलरमा भरिएका सिलिन्डर सकिएको र केहीमा सीमित मौज्दात मात्र रहेको पाइएको टोलीले जनाएको छ। मौज्दात भएका डिलरलाई ग्यास लुकाएर नराखी उपभोक्तालाई तत्काल वितरण गर्न निर्देशन दिइएको छ।

नेपाल आयल निगम इन्धन डिपो महेन्द्रनगरका प्रमुख राजेश सिलवालले देशभर ग्यास अभावको चर्चा बढेपछि वास्तविक अवस्था बुझ्न अनुगमन सुरु गरिएको बताए। उनका अनुसार हालसम्म अनुगमन गरिएका अधिकांश डिलरमा ग्यास सकिएको भए पनि जनकपुरमा भित्रिने ग्यासको

*बाँकी ३ पृष्ठमा*

## १० प्राविधिक प्रहरी अधिकृत पदोन्नत

दैनिक समाचारदाता

काठमाडौं, २१ साउन। प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले पदोन्नति भएका १० जना प्राविधिक प्रहरी अधिकृतलाई दर्ज्यानी चिन्ह प्रदान गरेका छन्।

नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रममा एक जना प्राविधिक प्रहरी उपरीक्षकलाई प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक, चार जना प्राविधिक प्रहरी नायब उपरीक्षकलाई प्राविधिक प्रहरी उपरीक्षक, चार जना प्राविधिक प्रहरी निरीक्षकलाई प्राविधिक प्रहरी नायब उपरीक्षक तथा एक जना प्राविधिक प्रहरी वरिष्ठ नायब निरीक्षकलाई प्राविधिक प्रहरी निरीक्षक पदमा पदोन्नति गरी दर्ज्यानी चिन्ह प्रदान गरिएको हो।

पदोन्नति हुनेहरूमा प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक दामोदर कँडेल, प्राविधिक प्रहरी उपरीक्षकहरू अमरेन्द्रप्रसाद सिंह, रामबाबु राना, अभयकुमार झा र अनुप श्रेष्ठ, प्राविधिक प्रहरी नायब उपरीक्षकहरू निशा चौधरी, सञ्जिव दाहाल, रमेशकुमार साह र अञ्जनराज खरेल तथा प्राविधिक प्रहरी निरीक्षक मिनप्रसाद खत्री रहेका छन्।

दर्ज्यानी चिन्ह प्रदान गर्दै प्रहरी महानिरीक्षक कार्कीले शान्ति सुरक्षा व्यवस्थापन,

बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्पिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# आरोपको राजनीति होइन, जवाफदेहिताको परीक्षा

सरकार र प्रमुख प्रतिपक्षबीच आरोप-प्रत्यारोप हुनु संसदीय लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। तर प्रतिपक्षले उठाएका प्रश्नहरू केवल राजनीतिक आलोचनामा सीमित नरही राज्यको सुशासन, पारदर्शिता र जवाफदेहितासँग जोडिन पुग्दा त्यसलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ। नेपाली कांग्रेसले सरकारविरुद्ध सार्वजनिक गरेको १५ बुँदे आरोपलाई यही दृष्टिकोणबाट हेर्न आवश्यक छ।

कांग्रेसले सुनसरीको देवानगञ्ज-कप्तानगञ्ज घटनादेखि राहदानी खरिद प्रकरण, गृहमन्त्रीमाथि उठेका विवाद, मानवअधिकार, अभिव्यक्ति स्वतन्त्रता, किसानका समस्या, सुकुम्बासी व्यवस्थापन, निजी क्षेत्रमाथिको दबाब र बढ्दो महँगीसम्मका विषय समेटेर सरकारको कार्यशैलीमाथि प्रश्न उठाएको छ। यीमध्ये धेरै विषय राजनीतिक बहसभन्दा पनि जनताको दैनिक जीवन, राज्यप्रतिको विश्वास र लोकतान्त्रिक मूल्यसँग प्रत्यक्ष सम्बन्धित छन्।

विशेषगरी सुनसरी घटनाले राज्यको सुरक्षा संयन्त्र, कानुनी प्रक्रिया र मानवअधिकार संरक्षणमाथि गम्भीर प्रश्न उठाएको छ। यस्ता घटनामा निष्पक्ष छानबिन, दोषीलाई कानुनी कारबाही र पीडितलाई न्याय सुनिश्चित गर्नु कुनै दलको माग मात्र होइन, लोकतान्त्रिक राज्यको अनिवार्य दायित्व हो। यदि सरकारले स्वतन्त्र र विश्वसनीय छानबिन गर्न असफल हुन्छ भने त्यसले राज्यप्रतिको जनविश्वास झन् कमजोर बनाउँछ।

राहदानी खरिद प्रकरण, गृहमन्त्रीमाथिका आरोप तथा अन्य विवादमा पनि सरकारले राजनीतिक प्रतिरक्षा खोज्नुको सट्टा तथ्य र प्रमाणका आधारमा स्पष्ट जवाफ दिनुपर्छ। लोकतन्त्रमा सरकारको सबैभन्दा ठूलो शक्ति बहुमत होइन, जनविश्वास हो। त्यो विश्वास पारदर्शिता, जवाफदेहिता र निष्पक्ष अनुसन्धानबाट मात्र कायम रहन्छ।

त्यस्तै, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामाथि नियन्त्रण वा प्रश्न उठाउने नागरिकलाई दमन गर्ने कुनै पनि प्रयास लोकतान्त्रिक संस्कृतिसँग मेल खाँदैन। सरकारको आलोचना हुनु लोकतन्त्रको कमजोरी होइन, त्यसको जीवन्तता हो। आलोचनालाई दमन गरेर होइन, तथ्य र कार्यसम्पादनबाट जवाफ दिन सक्ने सरकार नै परिपक्व मानिन्छ।

यद्यपि प्रतिपक्षको पनि उत्तिकै जिम्मेवारी छ। सरकारले गरेका हरेक कामलाई राजनीतिक चश्माबाट मात्र हेर्ने प्रवृत्तिले जनतामा निराशा बढाउँछ। प्रतिपक्षले उठाएका आरोप तथ्य, प्रमाण र रचनात्मक विकल्पमा आधारित हुनुपर्छ। केवल सरकारको आलोचना गरेर मात्र जनविश्वास प्राप्त हुँदैन; समाधानको स्पष्ट मार्गचित्र पनि प्रस्तुत गर्नुपर्छ।

आज मुलुक आर्थिक सुस्तता, बढ्दो महँगी, किसानका समस्या, निजी क्षेत्रको निराशा र सुशासनप्रतिको कमजोर विश्वासजस्ता चुनौतीसँग जुधिरहेको छ। यस्तो बेला सरकार र प्रतिपक्ष दुवैले राजनीतिक प्रतिस्पर्धाभन्दा माथि उठेर लोकतान्त्रिक संस्थाप्रति जनविश्वास बलियो बनाउने जिम्मेवारी निर्वाह गर्नुपर्छ।

अन्ततः कांग्रेसले उठाएका आरोप सही वा गलत भन्ने निष्कर्ष अनुसन्धान र तथ्यले तय गर्ने विषय हो। तर ती आरोपलाई राजनीतिक कोलाहलका रूपमा मात्र खारेज गर्नु सरकारका लागि उचित हुनेछैन। लोकतन्त्रमा आरोपको अन्तिम जवाफ प्रतिवाद होइन, पारदर्शी शासन, निष्पक्ष अनुसन्धान र प्रभावकारी कार्यसम्पादन हो। यही नै जनविश्वास पुनःस्थापित गर्ने सबैभन्दा बलियो आधार बन्न सक्छ।

# सुशासनको मापन नागरिकको दैनिकी



प्रेमचन्द्र झा

कुनै देशको अवस्था केवल आर्थिक वृद्धिदर, विदेशी मुद्रा सञ्चिति वा बजेट खर्चको प्रतिशतले मात्र मापन गर्न सकिँदैन। राष्ट्रको वास्तविक अवस्था त्यहाँका नागरिकले दैनिक जीवनमा भोगिरहेका सुविधा र कठिनाइले निर्धारण गर्छ। जब बिरामी उपचारका लागि अस्पताल पुग्दा घण्टौँ लाइनमा बस्न बाध्य हुन्छ, राहदानी बनाउन दिनौँसम्म पालो कुर्नुपर्छ, किसानले समयमा मल नपाएर खेत बाँझै राख्नुपर्छ, सिँचाइ अभावमा बाली सुक्छ, ग्यासको अभावले भान्सा प्रभावित हुन्छ, विद्युत् आपूर्तिमा अनिश्चितता रहन्छ, सुकुम्बासी आफ्नो भविष्यप्रति अन्योलमा बाँचिरहेका हुन्छन्, शिक्षा महँगो बन्दै जान्छ र विद्युत् महसुलले परिवारको बजेट नै प्रभावित बनाउँछ भने त्यस्तो अवस्थालाई सामान्य भन्न सकिँदैन।



एआईद्वारा निर्मित तस्वीर

यही यथार्थ नेपाली नागरिकले लामो समयदेखि भोगिरहेका छन्। सरकार फेरिन्छन्, नीति र कार्यक्रम बदलिन्छन्, तर नागरिकको दैनिकीमा अपेक्षित परिवर्तन देखिँदैन। लोकतन्त्रको सार केवल निर्वाचन सम्पन्न गर्नु होइन, नागरिकलाई सहज सेवा, सुरक्षित जीवन र सम्मानजनक व्यवहार उपलब्ध गराउनु पनि हो। यदि आधारभूत सेवाका लागि नागरिकले निरन्तर संघर्ष गर्नुपरेको छ भने विकासका ठूला दाबी र तथ्याङ्कहरूले जनजीवनमा अर्थ राख्दैनन्।

स्वास्थ्य क्षेत्र यसको सबैभन्दा ज्वलन्त उदाहरण हो। अस्पताल उपचारको केन्द्र हुनुपर्ने हो, तर धेरै सरकारी अस्पतालमा बिरामीले उपचारभन्दा पहिले लामो लाइन र झन्झटको सामना गर्नुपर्छ। टिकटदेखि परीक्षण, चिकित्सक भेट्ने र औषधि लिने प्रक्रियासम्मको ढिलासुस्तीले बिरामीको पीडालाई झन् बढाएको छ। स्वास्थ्य सेवा राज्यको दायित्व हो, सुविधा होइन। त्यसैले अस्पतालमा जनशक्ति, प्रविधि र व्यवस्थापन सुधार अपरिहार्य छ।

त्यस्तै, राहदानी सेवा पनि नागरिकका लागि झन्झटको विषय बन्नु हुँदैन। अध्ययन, रोजगारी वा अन्य प्रयोजनका लागि विदेश जानुपर्ने नागरिकले समयमै राहदानी नपाउँदा अवसर गुमाइरहेका छन्। डिजिटल सेवा विस्तार, सेवा केन्द्रको पहुँच र प्रशासनिक दक्षता बढाउन नसकेसम्म सेवा प्रवाह प्रभावकारी बन्न सक्दैन।

ग्यास अभाव, मलको संकट र सिँचाइको समस्या पनि वर्षौंदेखिका पुनरावृत्त चुनौती हुन्। खेती गर्ने समयमा किसानले मल नपाउने, पर्याप्त सिँचाइ नहुँदा उत्पादन घट्ने र त्यसको प्रत्यक्ष असर खाद्य सुरक्षामा पर्ने अवस्था चिन्ताजनक छ। कृषिप्रधान देशको पहिचान भाषणले होइन, किसानलाई समयमै आवश्यक साधन उपलब्ध गराएर मात्र पुष्टि हुन्छ।

ऊर्जा क्षेत्रमा उत्पादन बढे पनि वितरण प्रणाली अझै भरपर्दो बन्न सकेको छैन। विद्युत् कटौती, अनियमित आपूर्ति र महसुलसम्बन्धी गुनासोले उद्योग, व्यापार र घरपरिवार सबै प्रभावित छन्। ऊर्जा क्षेत्रमा दिगोपन उत्पादनसँगै गुणस्तरीय वितरण र उपभोक्तामैत्री सेवाबाट मात्र सम्भव हुन्छ।

सुकुम्बासीको समस्या पनि दशकौँदेखि राजनीतिक भाषणको विषय बनेको छ। चुनावअघि आश्वासन धेरै दिइन्छ, तर समाधानको गति सुस्त रहन्छ। वास्तविक भूमिहीनलाई कानुनी रूपमा बसोबासको अधिकार सुनिश्चित गर्नु सामाजिक न्यायको आधारभूत प्रश्न हो। यसलाई राजनीतिक स्वार्थभन्दा माथि उठेर समाधान गर्न आवश्यक छ।

शिक्षा क्षेत्र पनि क्रमशः महँगो बन्दै गएको छ। मध्यम तथा निम्न आय भएका परिवारले गुणस्तरीय शिक्षा धान्न कठिनाइ भोगिरहेका छन्। सार्वजनिक शिक्षाको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन र आधुनिक शिक्षण प्रणालीमा लगानी बढाउनु राज्यको प्राथमिकता बन्नुपर्छ।

यी सबै समस्याले एउटै सन्देश दिन्छन्–सुशासनको अभाव नागरिकले दैनिक जीवनमै अनुभूत गरिरहेका छन्। विकास केवल सडक, पुल वा भवन निर्माणमा सीमित हुँदैन। अस्पतालमा लाइन घट्नु, किसानले समयमा मल पाउनु, राहदानी सहज हुनु, विद्युत् सेवा भरपर्दो बन्नु, शिक्षा सर्वसुलभ हुनु र नागरिकले सरकारी कार्यालयमा सम्मानजनक व्यवहार पाउनु नै विकासका वास्तविक सूचक हुन्।

आजको आवश्यकता नयाँ घोषणा होइन, प्रभावकारी कार्यान्वयन हो। सरकार, राजनीतिक दल, निजामती प्रशासन र सार्वजनिक संस्थाहरूले नागरिकको दैनिकीलाई केन्द्रमा राखेर नीति निर्माण र कार्यान्वयन गर्नुपर्छ। सुशासन भनेको भाषण वा कागजी अवधारणा होइन; नागरिकले सेवा लिँदा अनुभव गर्ने सहजता, पारदर्शिता र उत्तरदायित्व नै यसको वास्तविक मापन हो।

नेपाल प्राकृतिक स्रोत, जलस्रोत, कृषि सम्भावना र युवाशक्तिले सम्पन्न देश हो। तर यी सम्भावनालाई प्रभावकारी रूपमा परिचालन गर्न नसक्दा सामान्य सेवाका लागि पनि नागरिकले सास्ती भोगिरहेका छन्। विकासका सूचक सुधारिएको दाबी गरिए पनि त्यसको प्रत्यक्ष अनुभूति जनताले गर्न सकेनन् भने ती उपलब्धि अधुरा नै रहन्छन्।

अब सरकारको प्राथमिकता सत्ता जोगाउनु होइन, जनविश्वास जोगाउनु हुनुपर्छ। नागरिकले सरकारसँग असम्भव अपेक्षा गरेका छैनन्; उनीहरू केवल सहज, छिटो र सम्मानजनक सेवा चाहन्छन्। अस्पतालको लाइन छोट्याउने, राहदानी सेवा सरल बनाउने, किसानलाई समयमा मल र सिँचाइ उपलब्ध गराउने, शिक्षा सर्वसुलभ बनाउने, विद्युत् सेवा भरपर्दो बनाउने र सुकुम्बासीको समस्या न्यायपूर्ण रूपमा समाधान गर्ने सरकार नै सफल सरकारका रूपमा इतिहासमा स्मरणीय रहनेछ।

अन्ततः, राष्ट्र निर्माणको आधार नागरिकको सन्तुष्टि हो। जब नागरिकले राज्यलाई भरोसायोग्य अभिभावकका रूपमा अनुभूति गर्न थाल्छ, तब मात्र लोकतन्त्र बलियो बन्छ, अर्थतन्त्र गतिशील हुन्छ र समृद्धिको आधार तयार हुन्छ। त्यसैले राज्यका सम्पूर्ण संयन्त्रले नागरिकको दैनिक जीवन सहज बनाउने लक्ष्यलाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्छ। यही नै सुशासनको वास्तविक परीक्षा र समृद्ध नेपालको सबैभन्दा बलियो आधार हो।

*(लेखक झा नेपाल पत्रकार महासंघ, रौतहटका पूर्व अध्यक्ष हुन्।)*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# एकीकृत प्रगतिशील लोकतान्त्रिक पार्टी विभाजन

दैनिक समाचारदाता
जनकपुरधाम, २१ साउन। एकीकृत भएर गठन भएको प्रगतिशील लोकतान्त्रिक पार्टी पुनः अलग(अलग रूपमा सञ्चालन गर्ने सहमति भएको छ। पार्टीका अध्यक्ष परिषद् सदस्य दुर्गा सोवे र सन्तोष पुरीबीच बुधबार सहमतिपत्रमा हस्ताक्षर गर्दै दुवै पक्षले स्वतन्त्र राजनीतिक यात्रा अघि बढाउने निर्णय गरेका हुन्।

सहमतिपत्रअनुसार २०८२ मंसिर ७ गते नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), प्रगतिशील राष्ट्रिय अभियान, राष्ट्रिय स्वतन्त्र पार्टी (विद्रोही समूह) तथा जन( जी समूहबीच भएको एकीकरणबाट प्रगतिशील लोकतान्त्रिक पार्टी गठन भएको थियो। तर निर्वाचनपछि उत्पन्न वैचारिक, राजनीतिक तथा संगठनात्मक मतभेदका कारण एकीकृत संरचनालाई निरन्तरता दिन कठिन भएको निष्कर्ष निकाल्दै दुवै पक्ष छुट्टाछुट्टै रूपमा अघि बढ्न सहमत भएका हुन्।

सहमतिअनुसार हालको प्रगतिशील लोकतान्त्रिक पार्टी २०८३ साउन २० गतेदेखि नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) र प्रगतिशील लोकतान्त्रिक पार्टीका रूपमा अलग(अलग सञ्चालन हुनेछन्। यसका लागि आवश्यक कानुनी प्रक्रिया निर्वाचन आयोगमा अघि बढाइने उल्लेख गरिएको छ।

सहमतिपत्रमा दुर्गा सोवेको नेतृत्वमा रहेको पक्षले पार्टीको नाम, झण्डा परिवर्तन गरी निर्वाचन आयोगमा आवश्यक प्रक्रिया पूरा गर्ने तथा सन्तोष पुरीको नेतृत्वमा रहेको पक्षले 'प्रगतिशील लोकतान्त्रिक पार्टी' नाम र 'आँखा' चुनाव चिह्नसहित तीन रङको झण्डा प्रयोग गर्ने व्यवस्था मिलाउने उल्लेख छ।

दुवै पक्षले आ(आफ्नो नाम, कार्यालय, विधान, संगठनात्मक संरचना, निर्वाचन चिह्न र झण्डा प्रयोग गर्दै स्वतन्त्र राजनीतिक गतिविधि सञ्चालन गर्ने सहमति गरेका छन्। एक(अर्काको नाम, लेटरप्याड, चुनाव चिह्न, झण्डा वा संगठनात्मक पहिचान प्रयोग नगर्ने पनि सहमतिमा उल्लेख छ।

सहमतिपत्रमा एकीकृत पार्टी अवधिमा रहेका चल(अचल सम्पत्ति, आर्थिक स्रोत, बैंक मौज्दात, ऋण, दायित्व तथा अन्य वित्तीय हिसाब(किताब पारदर्शी र न्यायोचित ढंगले मिलान गरी सम्बन्धित पक्षले जिम्मेवारी वहन गर्ने व्यवस्था गरिएको छ।

त्यस्तै, यो अलगावलाई विभाजन वा आपसी विरोधका रूपमा नलिई समयको आवश्यकता, वैचारिक स्वतन्त्रता र संगठनात्मक पुनर्संरचनाका रूपमा स्वीकार गर्ने सहमति भएको छ। भविष्यमा सुशासन, संविधानको संरक्षण, सामाजिक सद्भाव, राष्ट्रिय स्वाधीनता, समृद्धि र लोकतान्त्रिक मूल्य( मान्यताको पक्षमा आवश्यकता अनुसार सहकार्य र संवाद जारी राख्ने प्रतिबद्धता पनि दुवै पक्षले जनाएका छन्।सहमतिपत्रमा दुर्गा सोवे र सन्तोष पुरीका साथै दुवै पक्षका तीन(तीन जना रोहवरको समेत हस्ताक्षर रहेको छ। सहमतिपत्र २०८३ साउन २० गते हस्ताक्षर गरिएको हो।

यता नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का पूर्व उपाध्यक्ष उमेश साहले सामाजिक सञ्जालमा पार्टी विघटन चरम स्वार्थी र पदलोलुपहरुको झुण्ड बीच प्रलोपाको गठन नै पतनको बीजारोपण भएको बताएका छन्। उहाँले अगाडि लेखेका छन 'जनताबाट बहिष्कृत थुक्क.....'

# नयाँ सडक ऐन : अतिक्रमणमा कडाइ, अव्यवस्थित निर्माणमा रोक

काठमाडौं। सरकारले झण्डै पाँच दशक पुरानो सार्वजनिक सडक ऐनलाई प्रतिस्थापन गर्दै सडक निर्माण, व्यवस्थापन र संरक्षणलाई आधुनिक र व्यवस्थित बनाउन नयाँ कानुन ल्याउने तयारी गरेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार पारेको 'सार्वजनिक सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' संघीय संसद्मा पेस गर्ने तयारी भइरहेको छ।




वि.सं. २०३१ को सार्वजनिक सडक ऐन संघीय शासन व्यवस्था र आधुनिक पूर्वाधार विकासका आवश्यकता पूरा गर्न अपर्याप्त भएको निष्कर्षसहित सरकारले नयाँ विधेयक ल्याउन लागेको हो। प्रस्तावित कानुनले सडकको वर्गीकरण, सडक सीमा संरक्षण, दण्ड-सजाय, निर्माण मापदण्ड तथा सडक व्यवस्थापनका जिम्मेवारीलाई स्पष्ट रूपमा परिभाषित गरेको छ।

***तीन तहमा सडक वर्गीकरण***

विधेयकले सडकलाई संघीय, प्रादेशिक र स्थानीय सडक सञ्जाल गरी तीन तहमा वर्गीकरण गरेको छ।

संघीय सडक सञ्जालअन्तर्गत द्रुतमार्ग (एक्सप्रेस-वे), राष्ट्रिय राजमार्ग र सामरिक महत्वका सडक पर्नेछन्, जसको निर्माण तथा व्यवस्थापन संघीय सरकारले गर्नेछ। प्रदेशभित्रका प्रशासनिक केन्द्र, प्रमुख बजार र पर्यटकीय क्षेत्र जोड्ने सडक प्रादेशिक सडक सञ्जालमा रहनेछन् भने सहरी, ग्रामीण र कृषि सडक स्थानीय तहको जिम्मेवारीमा रहनेछन्।

***सडक सीमा र सेटब्याकको स्पष्ट व्यवस्था***

सडक विस्तारको क्रममा देखिने जग्गा विवाद समाधान गर्न विधेयकले सडक सीमा (राइट अफ वे) र संरचना सीमा (सेटब्याक) स्पष्ट तोकेको छ।

प्रस्तावअनुसार द्रुतमार्गको केन्द्ररेखाबाट दायाँ-बायाँ ५०-५० मिटर र राष्ट्रिय राजमार्गमा २५-२५ मिटर सडक सीमा कायम हुनेछ। सडक सीमाबाहिर थप ६ मिटर क्षेत्रलाई 'सेटब्याक' तोकिएको छ, जहाँ कुनै पनि स्थायी संरचना निर्माण गर्न पाइने छैन।

यदि कसैले तोकिएको सीमाभित्र संरचना निर्माण गरे सडक कार्यालयले जुनसुकै बेला हटाउन सक्नेछ। हटाउने क्रममा लागेको सम्पूर्ण खर्च सम्बन्धित व्यक्तिबाट सरकारी बाँकीसरह असुल गरिने व्यवस्था प्रस्ताव गरिएको छ। पुल सुरक्षाका लागि आवश्यक परे पुलको केन्द्रबाट नदीको माथिल्लो र तल्लो भागतर्फ ५०० मिटरसम्म सडक सीमा निर्धारण गर्न सकिने प्रावधान पनि राखिएको छ।

***जथाभावी सडक खन्न नपाइने***

निर्माण सम्पन्न भएको सडकलाई खानेपानी, ढल, विद्युत् वा दूरसञ्चारका लागि बारम्बार खन्ने प्रवृत्तिलाई रोक्न विधेयकले पहिलोपटक 'युटिलिटी करिडोर' को अवधारणा ल्याएको छ।

अब द्रुतमार्ग र राष्ट्रिय राजमार्ग निर्माण गर्दा नै विद्युत्, खानेपानी, ढल, टेलिफोन र अप्टिकल फाइबरका लागि छुट्टै करिडोर बनाउनुपर्नेछ। करिडोर बनेपछि सडकको मुख्य सतह खन्न पाइने छैन। करिडोर प्रयोग गर्न सम्बन्धित निकायले तोकिएको सेवा शुल्क तिर्नुपर्नेछ।

अनुमतिबिना सडक सीमाभित्र पाइप, ढल वा बिजुलीका पोल गाडेमा १० लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था प्रस्ताव गरिएको छ।

***अतिक्रमण र नियम उल्लंघनमा कडा कारबाही***

विधेयकले सडक अतिक्रमण र सडक संरचनामा क्षति पुर्‍याउने कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने व्यवस्था गरेको छ।

- सडक सीमाभित्र अनुमति बिना घर वा भवन बनाए ५ लाख रुपैयाँसम्म जरिवाना।
- सडक कार्यालयले रोपेका रुख काटे वा क्षति पुर्‍याए १ लाख रुपैयाँसम्म जरिवाना।
- सडकमा पशुचौपाया छाडे ५ हजार रुपैयाँसम्म जरिवाना।
- सडक अवरुद्ध हुने गरी सामग्री राखे वा आवागमनमा बाधा पुर्‍याए कारबाही हुने व्यवस्था गरिएको छ।

त्यस्तै, तोकिएको क्षमताभन्दा बढी भार बोकेको मालवाहक सवारीलाई ५ लाख रुपैयाँसम्म जरिवाना गर्नुका साथै अतिरिक्त भार तत्काल झार्नुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

***बन्द-हड्तालले राजमार्ग अवरुद्ध गर्न नपाइने***

विधेयकमा द्रुतमार्ग र राष्ट्रिय राजमार्गमा बन्द, हड्ताल, जुलुस वा आमसभाका कारण यातायात अवरुद्ध गर्न नपाइने व्यवस्था गरिएको छ। राष्ट्रिय महत्वका सडक सधैं सञ्चालनमा रहने सुनिश्चित गर्न यस्तो प्रावधान राखिएको जनाइएको छ।

सडक किनारमा उद्योग वा कलकारखाना सञ्चालन गर्दा सडक कार्यालयले तोकेको मापदण्ड पालना गर्नुपर्ने तथा सुरक्षित प्रवेश-निर्गमन मार्ग अनिवार्य बनाउनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ। सडक किनारमा वृक्षारोपण र संरक्षणको जिम्मेवारी सम्बन्धित सडक कार्यालयलाई दिइनेछ।

***पीपीपी मोडल र टोल शुल्कको व्यवस्था***

विधेयकले सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमार्फत सडक निर्माण, स्तरोन्नति र मर्मत सम्भार गर्न सकिने व्यवस्था गरेको छ। यस्ता सडक प्रयोग गरेबापत सवारीसाधनबाट टोल शुल्क उठाउन सकिनेछ।

***८० सडक राष्ट्रिय राजमार्गमा***

विधेयकको अनुसूचीमा देशभरका ८० वटा सडकलाई राष्ट्रिय राजमार्गका रूपमा सूचीकृत गरिएको छ। तीमध्ये १,०२८ किलोमिटर लामो पूर्व-पश्चिम (महेन्द्र) राजमार्गदेखि १,३९० किलोमिटर लामो मदन भण्डारी राजमार्गसम्म समावेश छन्।

यो विधेयक पारित भएपछि सार्वजनिक सडक ऐन, २०३१ र सार्वजनिक सडक (मुआब्जा निर्धारण समिति) नियमावली, २०३३ खारेज हुनेछन्। सरकारले नयाँ कानुनमार्फत सडक पूर्वाधारलाई सुरक्षित, व्यवस्थित, टिकाउ र संघीय शासन व्यवस्थाअनुकूल बनाउने लक्ष्य लिएको जनाएको छ।

## खाना पकाउने

परिमाण विगतको तुलनामा घटेको छैन। बरु उपभोक्ताले अभावको त्रासका कारण आवश्यकताभन्दा बढी सिलिन्डर सञ्चित गर्न खोज्दा बजारमा कृत्रिम दबाब सिर्जना भएको उनको भनाइ छ।

अनुगमनका क्रममा अधिक मूल्य लिएर ग्यास बिक्री गरिएको प्रमाण फेला नपरेको निगमले जनाएको छ। यद्यपि उपभोक्ताले भने आफूले नियमित ग्यास लिने डिलरमा मौज्दात नरहेको र अन्य डिलरले पनि पुराना ग्राहकलाई मात्र वितरण गर्ने भन्दै फर्काउने गरेको गुनासो गरेका छन्। बलवा टोलका रमेश सुडीले आफूले दिनौंदेखि ग्यास नपाएर विभिन्न डिलर धाउनुपरेको बताए।

उता, काठमाडौं उपत्यकासहित देशका विभिन्न जिल्लामा पनि ग्यास अभावले उपभोक्ता समस्यामा परेका छन्। बालाजुस्थित नेपाल ग्यास उद्योग र टेकुस्थित नेपाल आयल निगम कार्यालयमा ग्यासका लागि सर्वसाधारणको लामो लाइन देखिएको छ।

नेपाल आयल निगमका अनुसार देशभर दैनिक औसत एक लाख आठ हजार ग्यास सिलिन्डर खपत हुने गरे पनि पछिल्लो १० दिनमा दैनिक एक लाख ५६ हजार ४ सय सिलिन्डर बराबरको ग्यास आयात गरिएको छ। ११ साउनमा मात्रै १०६ बुलेट ग्यास नेपाल भित्रिएको निगमको तथ्यांक छ। एक बुलेटमा करिब १८ टन ग्यास रहने र त्यसबाट औसतमा १ हजार २५० वटा १४.२ केजीका सिलिन्डर भर्न सकिने निगमले जनाएको छ।

उपत्यकामा आपूर्ति सहज बनाउन निगमले टेकुस्थित कार्यालयबाट नेपाल, एचपी, श्रीराम, एभरेस्ट र सुगम ब्रान्डका ग्यास सिलिन्डर उपलब्ध गराउने व्यवस्था मिलाएको छ। साथै देशभर रहेका ५९ वटा ग्यास उद्योगलाई उपभोक्ता प्रत्यक्ष पुगेमा ग्यास उपलब्ध गराउन निर्देशन दिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार काठमाडौं, भक्तपुर, मकवानपुर, सुनसरी, सुर्खेत, पर्सा, प्युठान र डोटीमा ग्यास आपूर्तिको समस्या सबैभन्दा जटिल बनेको छ। यी जिल्लामा उपभोक्ताले घण्टौं लाइन बसेर पनि ग्यास नपाउने अवस्था रहेको मन्त्रालयको विवरणमा उल्लेख छ।

यता जनकपुरसहित विभिन्न शहरमा खाली सिलिन्डर बोकेर डिलर धाउने उपभोक्ताको संख्या बढ्दै गएको छ। ग्यास सहज रूपमा नपाएपछि कतिपय परिवारले विद्युतीय चुलो तथा अन्य वैकल्पिक खाना पकाउने उपकरण खरिद गर्न थालेका छन्। निगमले भने बजारमा कृत्रिम अभाव सिर्जना नगर्न र आवश्यकताभन्दा बढी ग्यास सञ्चित नगर्न उपभोक्तासँग आग्रह गरेको छ।

## १० प्राविधिक....

अपराध नियन्त्रण तथा अनुसन्धानलाई प्रभावकारी बनाउन प्राविधिक समूहको भूमिका महत्वपूर्ण रहेको बताए। उनले दैनिक सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन पदोन्नति भएका अधिकृतहरूले अझ जिम्मेवार ढंगले काम गर्ने विश्वास व्यक्त गरे।

पदोन्नति भएका अधिकृतका तर्फबाट प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक दामोदर कँडेलले संगठनको गरिमा, प्रतिष्ठा र जनविश्वासलाई उच्च राख्दै इमानदार, निष्पक्ष, अनुशासित, व्यावसायिक, प्रविधिमैत्री र सेवामुखी भएर जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

समारोहमा नेपाल प्रहरीका वरिष्ठ अधिकृत तथा अन्य प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# सहमति भयो, प्रदेश सरकार अझै अन्योलमा

दैनिक समाचारदाता
काठमाडौं २१ साउन । नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बीच प्रदेश सरकार गठनमा सत्ता साझेदारी गर्ने सहमति भएको १२ दिन बितिसक्दा पनि अधिकांश प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्न सकेको छैन। एमालेभित्रको नेतृत्व विवाद र केही प्रदेशमा आवश्यक बहुमत नपुग्दा सत्ता समीकरण कार्यान्वयनमा ढिलाइ भएको हो।

साउन ९ गते एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'बीच पाँच प्रदेशमा नेतृत्व बाँडफाँट गर्ने तथा मधेस र गण्डकीमा अन्य दलसँग परामर्श गरी सरकार गठन गर्ने तीनबुँदे सहमति भएको थियो। सहमतिअनुसार एमालेले कोशी, बागमती र लुम्बिनी तथा नेकपाले कर्णाली र सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व गर्नेछन्।

यद्यपि हालसम्म कर्णालीमा मात्र मुख्यमन्त्री नियुक्त भएका छन्। त्यहाँ पनि मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन। अन्य प्रदेशमा भने नयाँ गठबन्धनअनुसार सरकार गठन प्रक्रिया नै सुरु हुन सकेको छैन।

एमालेले नेतृत्व गर्ने प्रदेशहरूमा मुख्यमन्त्री चयनलाई लिएर पार्टीभित्रै विवाद देखिएको छ। कोशीमा वर्तमान मुख्यमन्त्री हिक्मत कार्कीलाई हटाएर तिलकुमार मेन्याङ्बोलाई अघि सार्ने प्रयास भएपछि विवाद उत्पन्न भएको थियो। अन्ततः कार्कीलाई नै निरन्तरता दिने सहमति भएको छ।

बागमतीमा संसदीय दलका नेता जगन्नाथ थपलियाको सट्टा किरण थापालाई मुख्यमन्त्री बनाउन नेतृत्व सक्रिय भएपछि विवाद चर्किएको छ। यसै विषयमा साउन १८ गते अध्यक्ष ओलीसँग छलफलका क्रममा थपलिया अस्वस्थ भई ढलेका थिए।

अंकगणितका हिसाबले पनि बागमती, गण्डकी, लुम्बिनी र मधेस प्रदेशमा वाम गठबन्धनलाई सरकार बनाउन अन्य दलको समर्थन आवश्यक देखिएको छ।

**बागमती प्रदेश**मा १०४ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ५३ सांसद आवश्यक पर्छ। एमालेका २५ र नेकपाका २६ सांसद गरी ५१ मत मात्र भएकाले थप तीन मत आवश्यक छ। यस्तो अवस्थामा राप्रपा, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) वा अन्य साना दल निर्णायक बनेका छन्। राप्रपाले केन्द्रको निर्णयबिना समर्थन नगर्ने बताइसकेको छ।

**गण्डकी प्रदेश**मा पनि वाम गठबन्धनसँग स्पष्ट बहुमत छैन। ५९ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ३० मत आवश्यक पर्नेमा एमाले र नेकपाको मत पर्याप्त नपुग्ने भएकाले राप्रपा वा स्वतन्त्र सांसदको समर्थन अपरिहार्य देखिएको छ।

**लुम्बिनी प्रदेश**मा एमाले र नेकपाको संयुक्त मत बहुमत नजिक भए पनि सभामुखको मत गणनामा नआउने भएकाले जसपा नेपाल, राप्रपा, जनमत पार्टी वा राष्ट्रिय जनमोर्चामध्ये कुनै एक दलको समर्थन आवश्यक पर्ने अवस्था छ। गठबन्धनले यसका लागि जसपा नेपालसँग छलफल गरिरहेको जनाएको छ।

**मधेस प्रदेश**मा पनि वाम गठबन्धनलाई स्पष्ट बहुमत छैन। १०३ सदस्यीय प्रदेश सभामा एमाले र नेकपासँग ३९ सिट मात्रै भएकाले सरकार गठनका लागि जसपा नेपाल, जनमत पार्टी वा अन्य साना दलको साथ अपरिहार्य देखिएको छ। हाल भने कांग्रेसका कृष्णप्रसाद यादव एमाले र नेकपाको समर्थनमा मुख्यमन्त्री छन्।

**सुदूरपश्चिम प्रदेश**मा भने वाम गठबन्धनको अंकगणित सहज देखिए पनि नेकपाभित्रकै विभिन्न समूहबीच शक्ति बाँडफाँटको विषय मिलाउन बाँकी छ। त्यहाँ नेकपा संसदीय दलका नेता खगराज भट्ट मुख्यमन्त्री बन्ने तयारीमा छन्।

**कर्णाली प्रदेश**मा नेकपाका मंगलकुमार शाही मुख्यमन्त्री नियुक्त भए पनि एक सातासम्म मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन। यद्यपि यहाँ वाम गठबन्धनसँग स्पष्ट बहुमत रहेकाले सरकार विस्तारमा अंकगणितीय समस्या छैन।

यसरी केन्द्रमा भएको सत्ता साझेदारीको सहमति प्रदेश तहमा कार्यान्वयन हुन नसक्दा गठबन्धनभित्रको आन्तरिक विवाद, साना दलको निर्णायक भूमिका र प्रदेशगत अंकगणित मुख्य चुनौतीका रूपमा देखिएका छन्।

# रुसको तेल केन्द्रमा पुनः युक्रेनी ड्रोन आक्रमण



एजेन्सी
मस्को २१ साउन । युक्रेनले रुसको प्रमुख तेल प्रशोधन केन्द्रमध्ये एक स्लाभनेफ्ट-यानोसमा पुनः ड्रोन आक्रमण गरेको छ। रुसी अधिकारीहरूका अनुसार बिहीबार बिहान युक्रेनी ड्रोनहरूले यारोस्लाभ्ल क्षेत्रमा आक्रमण गर्दा प्रशोधन केन्द्रमा आगलागी भएको हो।

यारोस्लाभ्ल क्षेत्रका गभर्नर मिखाइल येभायेभले ड्रोन आक्रमण भएको पुष्टि गर्दै सुरक्षा कारणले यारोस्लाभ्लबाट मस्कोतर्फ जाने सडकमा अस्थायी रूपमा यातायात सीमित गरिएको जानकारी दिएका छन्। उनले प्रशोधन केन्द्रमा भएको क्षतिको विस्तृत विवरण भने सार्वजनिक गरेका छैनन्। सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोहरूमा ठूलो विस्फोटसँगै आकाशमा बाक्लो धुवाँ उठिरहेको देखिन्छ।

स्थानीय सञ्चारमाध्यमका अनुसार आगलागी स्लाभनेफ्ट-यानोस तेल प्रशोधन केन्द्रभित्रै भएको हो। यो रुसका पाँच ठूला तेल प्रशोधन केन्द्रमध्ये एक मानिन्छ। वार्षिक ८ करोड ८१ लाख ५० हजार मेट्रिक टन कच्चा तेल प्रशोधन क्षमता रहेको यस केन्द्रमा रुसी सरकारी ऊर्जा कम्पनी रोसनेफ्ट र गाजप्रोमको संयुक्त रूपमा करिब ९९.७ प्रतिशत स्वामित्व रहेको छ। यहाँ उत्पादन हुने इन्धन नागरिक उपभोगका साथै रुसी सेनाले समेत प्रयोग गर्ने भएकाले यसको रणनीतिक महत्त्व उच्च रहेको मानिन्छ।

सन् २०२६ मा मात्रै युक्रेनले यस प्रशोधन केन्द्रलाई सातौँ पटक निशाना बनाएको हो। यसअघि मार्च २८, अप्रिल २६, मे ८ र २२, जुलाई ६ र १६ मा पनि यस्तै ड्रोन आक्रमण भएका थिए। ती आक्रमणका कारण केही समय प्रशोधन केन्द्रको उत्पादन पूर्ण रूपमा बन्दसमेत भएको थियो।

युक्रेनले रुसको ऊर्जा आपूर्ति प्रणालीलाई कमजोर बनाउने रणनीतिअन्तर्गत तेल प्रशोधन केन्द्र, इन्धन भण्डारण स्थल र अन्य ऊर्जा पूर्वाधारलाई लगातार निशाना बनाउँदै आएको छ। युक्रेनी सैन्य रणनीतिकारहरूको विश्वासमा यस्ता आक्रमणले रुसी सेनाको इन्धन आपूर्ति तथा युद्ध सञ्चालन क्षमता कमजोर पार्नुका साथै नागरिक बजारमा इन्धन अभाव सिर्जना गरी आर्थिक र सामाजिक दबाब बढाउनेछ।

पछिल्ला महिनाहरूमा भएका लगातार आक्रमणपछि रुसले इन्धन आपूर्तिमा चुनौती सामना गरिरहेको विश्लेषण गरिएको छ। युक्रेनको जनरल स्टाफका अनुसार जुलाईको सुरुसम्म रुसको कुल तेल प्रशोधन क्षमताको ४३ प्रतिशत हिस्सा अस्थायी रूपमा सञ्चालनबाहिर पुगेको थियो।

निगरानी तथ्याङ्कअनुसार रुसी तेल प्रशोधन उत्पादन २१ वर्षयताकै न्यून स्तरमा झरेर दैनिक करिब ३९ लाख १० हजार ब्यारेलमा सीमित भएको छ। इन्धन अभावका कारण रुसका विभिन्न क्षेत्रमा पेट्रोल पम्पमा लामो लाइन देखिन थालेको छ भने साइबेरियाका केही क्षेत्रमा सरकारले इन्धन वितरणमा कोटा प्रणाली लागू गरेको छ।

कतिपय स्थानमा इन्धन अभावका कारण विवाद बढेपछि स्थानीय प्रशासनले प्रहरी र शिक्षकसमेत परिचालन गरेको समाचार सार्वजनिक भएका छन्। संकट गहिरिँदै गएपछि रुस सरकारले पेट्रोल, जेट इन्धन र डिजेलको निर्यातमा क्रमशः प्रतिबन्ध लगाएको छ। साथै, भारत, काजाकिस्तान र बेलारुसबाट पेट्रोल आयात गर्न थाले पनि मासिक करिब ३० लाख टनको आन्तरिक आवश्यकताका तुलनामा आयात परिमाण निकै कम भएकाले इन्धन संकट तत्काल समाधान हुने सम्भावना कम देखिएको छ।

# भारतीय युवकको मृत्यु

दैनिक समाचारदाता
जनकपुरधाम, २१ साउन । जनकपुरधामस्थित प्रसिद्ध जानकी मन्दिर नजिक रहेको तेल्हा पोखरीमा डुबेर भारतबाट धार्मिक दर्शनका लागि आएका एक युवकको मृत्यु भएको छ।

मृत्यु हुनेमा भारतको बिहार राज्य, हाजीपुर निवासी २० वर्षीय आदर्शकुमार झा रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिए। झा साथीहरूसँग जानकी मन्दिर दर्शनका लागि जनकपुरधाम आएका थिए।

प्रहरीका अनुसार मङ्गलबार राति मदिरा सेवनपछि पौडी खेल्ने क्रममा उनी तेल्हा पोखरीमा डुबेका थिए। राति करिब ८:४० बजे उनी बेपत्ता भएको सूचना प्राप्त भएपछि प्रहरी टोली तत्काल घटनास्थल पुगेर स्थानीयवासीको सहयोगमा उनको उद्धार गरेको थियो।

गम्भीर अवस्थामा रहेका झालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याइएको भए पनि राति करिब ९:०५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए।

प्रहरीले मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पतालमा राखिएको जनाएको छ। घटनाको वास्तविक कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# मधेशका २४ विद्यालय नमूना बनाइने




दैनिक समाचारदाता
जनकपुरधाम, २१ साउन । मधेश प्रदेश सरकारले प्रदेशका २४ वटा सामुदायिक विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गर्ने लक्ष्यसहित चालु आर्थिक वर्षदेखि कार्यक्रम कार्यान्वयन सुरु गर्ने भएको छ।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले बहुवर्षीय योजनाअन्तर्गत प्रत्येक जिल्लाबाट तीनवटा विद्यालय छनोट गरी कुल २४ वटा विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गरिने जानकारी दिए।

उनका अनुसार यस कार्यक्रमका लागि चालु आर्थिक वर्षमा प्रति विद्यालय १ करोड ५० लाख रुपैयाँका दरले कुल ३२ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। बजेट कार्यान्वयनका लागि छनोट भएका २४ वटै विद्यालयका प्रधानाध्यापकलाई मन्त्रालयमा बोलाएर आवश्यक निर्देशनसमेत दिइसकिएको उनले बताए।

मन्त्री सिंहले विद्यालयको भौतिक पूर्वाधार र आवश्यक जनशक्ति व्यवस्थापन गर्न प्रदेश सरकार तयार रहेको उल्लेख गर्दै पठनपाठनको गुणस्तर सुधारमा विद्यालय प्रशासनको भूमिका महत्वपूर्ण हुने बताए।

उनले भने, "नमूना विद्यालयका लागि आवश्यक पूर्वाधार र जनशक्ति प्रदेश सरकारले उपलब्ध गराउँछ। विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने जिम्मेवारी भने विद्यालयकै नेतृत्वले प्रभावकारी रूपमा निर्वाह गर्नुपर्छ।"

मन्त्री सिंहका अनुसार मधेश प्रदेशमा हाल ३ हजार ४८४ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन्। प्रदेश सरकारले चरणबद्ध रूपमा सबै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने योजना अघि बढाएको उनले बताए।

शिक्षा क्षेत्रको सुधारलाई प्रदेश सरकारको प्राथमिकतामा राखिएको उल्लेख गर्दै उनले मधेशलाई साक्षर प्रदेश घोषणा गर्ने तयारी पनि तीव्र रूपमा अघि बढिरहेको जानकारी दिए। आवश्यक मापदण्ड पूरा गरेका स्थानीय तहलाई क्रमशः साक्षर पालिका घोषणा गर्ने प्रक्रिया जारी रहेको र त्यसपछि मधेश प्रदेशलाई पनि साक्षर प्रदेश घोषणा गरिने उनले बताए।

सामुदायिक विद्यालयको शैक्षिक अवस्था सुधार गर्न आगामी दिनमा विद्यालयहरूको नियमित अनुगमनलाई समेत थप प्रभावकारी बनाइने मन्त्री सिंहको भनाइ छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४